नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय २०७४

प.सं. :
च.नं. :

## प्रेस रिलिज

मितिः २०८३/०६/०१

मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण विद्युत् पूर्वाधारमा ठूलो क्षति पुगेपछि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले प्रभावित रसुवा र नुवाकोट जिल्लाका जलविद्युत आयोजना, विद्युत संरचना तथा प्रभावित समुदायको उद्धार, राहत, समन्वय र विद्युत् आपूर्ति पुनःसुचारु गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अघि बढाएको छ। पछिल्लो १५ दिनमा उद्धार कार्य लगायत मन्त्रालयबाट भएका प्रमुख गतिविधि निम्नअनुसार रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

### १. बाढीबाट क्षति पुगेका ग्राहकहरुको मिटरको लगत कट्टा गर्ने

रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको आकस्मिक र अकल्पनिय बाढीबाट रसुवा, नुवाकोट र धादिङ जिल्लामा क्षति पुगेका घर, व्यवसाय, उद्योग लगायतका ग्राहकहरुको मिति २०८३ भाद्र महिना देखि न्यूनतम बिलिङ्ग नगर्ने र सो ग्राहकको विद्युत मिटरको लगत कट्टा गर्ने साथै त्यस्ता ग्राहकले नयाँ मिटर लिन चाहेमा व्यवस्थापनले निःशुल्क मिटर उपलब्ध गराउने।

### २. खोज तथा उद्धार कार्यमा निरन्तरता

माथिल्लो त्रिशूली ३ ए, माथिल्लो त्रिशूली ३ बी, चिलिमे, रसुवागढी, लाङटाङ, माथिल्लो त्रिशूली–१, मैलुङ खोला तथा अन्य प्रभावित आयोजनाका सुरुङ, हेडवर्क्स, डिसेन्डर तथा आसपासका क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी, स्थानीय सुरक्षा निकाय, आयोजनाको प्राविधिक टोली, पर्वतारोही तथा बिदेशी विशेषज्ञ टोली परिचालन गरी खोज तथा उद्धार कार्य जारी रहेको।

### ३. विद्युत् सेवा सुचारू तथा पूर्वाधार पुनःस्थापना

बढीले क्षेति पुर्याएको धादिंग र नुवाकोटको सम्पूर्ण क्षेत्रको विद्युत सेवा सुचारू गरिएको र रसुवा जिल्लाको उत्तरगया गापाको वडा नं. १, गोसाईकुण्ड गापाको वडा नं. १, २, ३ बाहेक जिल्लाको बाँकी सबै क्षेत्रमा विद्युत सेवा सुचारू गरिएको। साथै राष्ट्रिय विद्युत वितरण नपुगेको क्षेत्रमा बैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र मार्फत संस्थागत तथा घरेलु सौर्य प्रणाली मार्फत विद्युत सेवा क्रमशः सुचारू गरिदै गरिएको।

### ४. प्रभावित परिवार तथा आयोजनाका कर्मचारीसँग निरन्तर समन्वय र राहत

सम्पर्कविहीन तथा प्रभावित जलविद्युत् आयोजनाका कर्मचारीका परिवारसँग मन्त्रालय तथा सम्बन्धित निकायले निरन्तर समन्वय गरिरहेको छ। खोज तथा उद्धारको प्रगति, पहिचान भएका व्यक्ति तथा

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

शवसम्बन्धी विवरण सम्बन्धित परिवारलाई उपलब्ध गराउने व्यवस्था मिलाइएको। साथै तत्कालका लागि नेपाल विद्युत प्राधिकरणका सम्पर्कविहीन तथा मृतक कर्मचारीका परिवारलाई प्रतिपरिवार पाँच लाख रुपैयाँ नगद राहत उपलब्ध गराउने तथा सम्पर्कविहीन तथा मृतक कर्मचारीका नजिकका आश्रित नातेदारलाई अर्को निर्णय नभएसम्म बढीमा छ महिनासम्मका लागि सुरु तलब स्केलको ५० प्रतिशत निर्वाहभत्ता उपलब्ध गराउने।

**५. अति जोखिमयुक्त हिमतालको जोखिम न्यूनीकरणसम्बन्धी आयोजना सञ्चालन**

मन्त्रालय अन्तर्गतको जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रमार्फत अति जोखिमयुक्त हिमतालहरूको जोखिम न्यूनीकरण गर्न यस आर्थिक वर्षदेखि "ग्लफ संजीवनी आयोजना" अघि बढाइएको छ। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को प्राविधिक सहयोग तथा हरित जलवायु कोष (Green Climate Fund GCF) र नेपाल सरकारको संयुक्त लगानीमा सञ्चालन हुने। यस आयोजना अन्तर्गत अति जोखिमयुक्त संखुवासभाको तल्लो बरुण हिमताल, सोलुखुम्बुको होन्गु २ र लुम्डिङ छो हिमताल तथा मनाङको ठुलागी हिमताल गरी चार हिमतालको पानीको सतह घटाउने कार्य गरिनेछ। साथै, हिमतालका तल्लो तटीय क्षेत्रमा पूर्वसूचना प्रणाली जडान तथा सञ्चालन गरी सम्भावित विपदबाट हुने जनधनको क्षति न्यूनीकरणमा योगदान पुग्नेछ।

**६. जलविद्युत आयोजनाको निर्माण तथा सञ्चालनमा ६ बुँदे सुरक्षा अवधारणा कार्यान्वयन योजना**

जलविद्युत आयोजनाको दिगो, सुरक्षित तथा व्यवस्थित निर्माण र सञ्चालनका लागि आयोजना सुरक्षा अधिकारी, बीमा, गुमेको आम्दानी, खोज तथा उद्धार व्यवस्थापन, न्यूनतम आवश्यक सूची र द्रुत सूचना संयन्त्र गरी ६ बुंदे सुरक्षा अवधारणालाई आधारभूत सुरक्षा संरचनाका रूपमा विकास गर्ने विषयमा मन्त्रालयमा छलफल भई सम्बन्धित निकायमार्फत लागू गर्ने प्रक्रिया अघि बढाइने।

**७. विनाशकारी बाढीको वैज्ञानिक आधार सम्बन्धमा अध्ययन गरिने**

रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीको वैज्ञानिक आधार र प्रमाण खोज्न जल तथा ऊर्जा आयोगको सचिवालयले विज्ञहरू मार्फत अध्ययन गराउने व्यवस्था मिलाउने।

मोहन कुमार शाक्य
सहसचिव एवम् प्रवक्ता